# आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली
## मितिः ०८ नवम्बर २०२५
## समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

१. केन्द्रिय गृहमंत्रालयले इन्टर लोक्युटर नियुक्त गरेपछि भजपाको नेतृत्वमा भोली दार्जीलिङमा स्थानीय दलहरूलाई लिएर पहिलो सर्वदलीय बैठक हुनेछ।

२. चुनाव आयेगको एसआईआर अभियान उत्तरबंगालका सबै जिल्लाहरूमा बीएलओ हरूले फार्म बाडिरहेका छन्। चुनाव आयेगले एकै स्थानमा नरहेर घर घर गएर एनुमुरेशन गर्न बीएलओ हरूलाई कड़ा चेतावनी दिइएको छ।

३. दार्जीलिङको युनिक घामले पालन गरयो। रजत जयन्ती । त्रिपुराका पूर्व मुख्यमंत्री विप्लव देव थिए मुख्य अतिथि।

४. भाजपाका वरिष्ठतम नेता तथा उप– प्रधानमंत्री श्री लाल कृष्ण आडवाणीको ९८ औं जन्म जरूनतीमा राश्ट्रिय र राज्यका नेताहरूले बधाई र शुभकामना दिएका छन्।

५. पश्चिम बांलको पाहाड़ र समतल क्षेत्रमा लाखौं मानिसहरूले बन्देमातरम राष्ट्रिय गीत १५०औ वर्षस्मरण उत्सवमा सहभागिता गरे।

**दार्जीलिङ सर्वदलीय बैठक**

भाजाको नेतृत्वमा केन्द्रिय गृहमंत्रालयद्वारा नियुक्त गरिएका इन्टरलोकेटर र आगामी रणनीतिहरू बारे छलफल गर्न भोली दार्जीलिङमा एउटा सर्वदलीय बैठक डाकिएको छ। भाजपाको लोकसभा सांसद राजुविष्टको पहलमा आयोजित यो बैठकमा गोरखा जनमुक्ति मोर्चा अध्यख विमल गुरूङ, गोरखा राष्ट्रिय मुक्ति मोर्चा अध्यख मन घिसिंग सहित भाजपाका सहयोगी दलहरूले यस बैठकमा भाग लिने जानकारी प्राप्त जानकारी प्राप्त भएको छ। यस बैठकमा भाजपाका पाहाड़का नेताहरू तथा जन प्रतिनिधिहरू सामेल रहने छन्। बैठकमा डुर्वसबाट पनि प्रतिनिधिहरू उपस्थित रहने संभावना छ। यसैबचीच गोरखाल्याण्ड एक्टिभिस्ट समूहले खरसांग देखि दार्जीलिङ सम्म पोस्टरिंग गर्दै सर्वदलीय बैठकमा एक मात्र एजेण्डा गोरखाल्याण्ड बारे छलफल हुनेपर्छ भन्दै व्यापक पोस्टरिंग गरेको छ।

**भाजपा –दार्जीलिङ बैठक**

भारतीय जनता पार्टीले सांगठनिक दार्जीलिङ जिल्लाको बैठक आज दार्जीलिङमा सम्पन्न भयो। बैठक पश्चिम बंगालका लागि सह–चुनाव प्रभारी, त्रिपुराका पूर्व मुख्यमंत्री विप्लव देव उपस्थित थिए। यस बैठकमा भाजपा दार्जीलिङ जिल्ला अध्यिक्ष संजीब लामा तथा पूर्व जिल्ला अध्यक्ष कल्याण देवान उपस्थित थिए। बैठकलाई संबोधित गर्दै दार्जीलिङका लोकसभा सांसद राजु विष्टले आगामी वर्षको शुरूमा हुने राज्य विधानसभा चुनावका लागि पार्टीको सांगठनिक तैयाारीहरूबारे विस्तृत छलफल गरिएको बताए। उहाँले एसआईआर बारे बोल्दै यो प्रक्रिया मतदाता सूचीको संशोधन प्रक्रिया रहेको भन्दै भारतको संविधानले भारतीय वैध नागरिकहरूलाई मात्र मतदानको अध्किाकार दिएको छ। अवैध नागरिक र विदेशी घुष पैठियाहरूलाई चिन्हित गरी मतदाता सूचीबाट बाहिर गर्नु नै संविधानको

सुरक्षा हो भनी उनले बताए। यस बैठकमा खरसांग , मिरिक तथा दार्जीलिङ महकुमाका सबै पदधिकारीहरू उपस्थित थिए।

## चुनाव आयोग एसआईआर

पश्चिम बंगालमा चलिरहेको एसआईआर प्रक्रिया बीच निर्वाचन आयोगले ठूलो कारबाहीको निर्देश दिएको छ। आयोगले घर-घर जानुको सट्टा मनमानी रूपमा वा सार्वजनिक स्थानहरूमा एसआईआर फारम वितरण गर्ने बुथ-स्तरीय अधिकारीहरूलाई शो-कज नोटिस जारी गर्न आदेश दिएको छ।
निर्वाचन आयोगले सबै निर्वाचन दर्ता अधिकारीहरूलाई त्यस्ता बीएलओ हरूलाई तत्काल नोटिस जारी गर्न र अनुशासनात्मक कारबाही सुरु गर्न निर्देशन दिएको छ।
सुत्रका अनुसारए एसआइआर प्रक्रिया सुरु हुने बित्तिकै विभिन्न जिल्लाहरूबाट धेरै गुनासोहरू प्राप्त भएका थिए। आरोप लगाइएको थियो केही बिएलओहरूले तृणमूल कांग्रेस नेताहरूको घर वा पार्टी कार्यालयहरूबाट फारमहरू वितरण गरिरहेका थिएए जबकि धेरै ठाउँमाए सडकको बेन्चबाट फारमहरू वितरण भइरहेको थियो। तृणमूल कार्यकर्ताहरूले घर-घरमा फारमहरू वितरण गरिरहेका थिएए जसले प्रक्रियाको निष्पक्षतामाथि प्रश्न उठाइरहेको थियो।

यी गुनासोहरू पछिए भाजपाले आयोगमा धेरै गुनासोहरू दर्ता गऱ्यो। राज्यसभाका विपक्षी दलका नेता शुभेन्दु अधिकारीले पनि हालै निर्वाचन आयोगसँग भेटेर धेरै गम्भीर अनियमितताहरू भएको जानकारी गराउनु भएको थियो। निर्वाचन आयोगले आज सबै जिल्लाहरूलाई कडा निर्देशन जारी गर्दै भन्यो बारम्बार चेतावनीको बाबजुद पनि धेरै बीएलओहरूले घर-घरमा फारम वितरण गरिरहेका छैनन्ए जुन नियमको उल्लङ्घन हो। त्यस्ता सबै अधिकारीहरू विरुद्ध कडा कारबाही गरिनेछ।
उल्लेखनीय छ शुभेन्दु अधिकारीले पहिले चेतावनी दिनुभएको थियो षनिष्पक्ष रूपमा काम नगर्ने बीएलओहरूले बिहारका ५२ बीएलओहरूको जस्तै हाल भोग्नेछन्। अझै समय छए सुधार गर्नुहोस्।"
यद्यपिए चेतावनीको बाबजुद पनि जिल्लाहरूबाट गुनासोहरू आउने क्रम जारी रह्यो। अन्ततःए आयोगले कडा कारबाही गऱ्यो र जिम्मेवारी निर्धारण गर्दै सबै सम्बन्धित अधिकारीहरूलाई निर्देशन जारी गऱ्यो।

## संशो पीएम-वाराणसी

प्रधानमंत्री नरेन्द्र मोदीले आज बनारस रेलवे स्टेशन देखि चार वटा नयाँ वंदे भारत एक्सप्रेस रेलगाडिलाई हरियो झण्डा देखाई रवाना गर्नु भयो। यस अवसरमा बोल्दै प्रधानमंत्रीले भन्नु भयो - वंदे भारत, नमो भारत र अमृत भारत रेलगाडियहरू भारतीय रेलवेको अघीलो पीढ़ीका लागि जग बसाली रहेका छन्। हरेक भारतीयलाई वंदे भारत ट्रेनमाथि गर्व छ। यो ट्रेन भारतीयहरूका लागि, भारतीयहरूद्वारा अनि भारतीयहरूका लागि बनाईएको छ। उहाँले आज चारवटा नयाँ वंदे भारत रेलगाडिहरू - बनारस-खजुराहो, लखनऊ-सहारनपुर, फिरोजपुर-दिल्ली र एर्नाकुलम-बेंगलुरु बीचको सेवाको शुभारंभ गर्नु भयो यसका साथै देशमा अहिले चल्ने कूल वंदे भारत ट्रेनहरूको संख्या बढ़ेर 160 भन्दा बढी भएका छन् । प्रधानमंत्री मोदीले भन्नु भयो दुनिया भरीका विकसित देशहरूमा बुनियादी ढांचाको विकासले उनिहरूको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलेको छ। आज भारत पनि विकासको मार्गमा तेज गतिले अघि बढ़ी रहेको छ।

## वंदे मातरम-कहानी

राष्ट्रले वंदे मातरम राष्ट्रीय गीतको 150औं वर्षगांठ मनाइरहेको छ। यो एउटा एस्सो गीत हो जसले पीढ़िहरूलाई एकजुट हुने र राष्ट्रको भावनाको आनन्द मनानका लागि प्रेरित गरेको छ। वंदे मातरम जस्ता अमर गीतहरूका रचयिता माथि प्रस्तुत छ एक रिपोर्ट -

बाईट -अशोक

*(राष्ट्रिय गान वन्दे मातरमका लेखक बंकिमचन्द्र चटर्जी भारतका अग्रणी साहित्यिक व्यक्तित्वहरू मध्ये एक र आधुनिक भारतीय साहित्यका अग्रज थिए। १८३८ मा बंगालमा जन्मेका बंकिमचन्द्र चटर्जीले आफ्नो कलम र कल्पनाशक्तिको शक्तिसँग सुधारकको दृष्टिकोणलाई जोडे। उनले १८६५ मा आफ्नो पहिलो बंगाली उपन्यास, दुर्गेष्णन्दिनी लेखे, जसले भारतीय कथामा नयाँ युगको सुरुवात गर्‍यो। देशभक्तिपूर्ण भजन वन्दे मातरम् पहिलो पटक उनको प्रसिद्ध उपन्यास, आनन्दमठमा प्रकाशित भएको थियो। कविता पहिलो पटक उनको साहित्यिक पत्रिका बंगदर्शनमा क्रमबद्ध गरिएको थियो र पछि १८८२ मा आनन्दमठको पूर्ण संस्करणमा समावेश गरिएको थियो। यो गीतले मातृभूमिलाई शक्ति, समृद्धि र दिव्यताको अवतारको रूपमा प्रस्तुत गर्दछ र भारतको एकता र आत्मसम्मानको जागृत भावनालाई काव्यात्मक स्वर दिन्छ। वन्दे मातरमको साथ, बंकिमचन्द्र चटर्जी भारतको स्वतन्त्रता संग्रामको इतिहासमा प्रतिध्वनित भइरहनेछन्। शिवंग र सौम्यको रिपोर्टको साथ आकाशवाणी समाचारको लागि अशोक चौरसिया।)*

****** ० ******

**पीएम-एलके आडवाणी**

उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय जनता पार्टीका दिग्गज नेता लालकृष्ण आडवाणीलाई आज उहाँको ९८औँ जन्मदिनको शुभकामना दिनुभएको छ।

सोसियल मिडिया पोस्टमा श्री मोदीले श्री आडवाणीको सुस्वास्थ्य र दीर्घायुको कामना गर्नुभएको छ। प्रधानमन्त्रीले श्री आडवाणीलाई भारतको प्रगतिमा आफ्नो जीवन समर्पित गर्ने दूरदर्शी र बुद्धिमान राजनीतिज्ञको रूपमा वर्णन गर्नुभएको छ।

**युनिक धाम रजत जयन्ती**

दार्जीलिङ स्थित युनिक धमको २५ औं वर्षगाँठ आज भव्य रूपमा पालन गरियो। यस अवसरमा त्रिपुरामा भाजपा नेता अनि पूर्व मुख्यमंत्री विप्लवदेव मुख्य अतिथिको रूपमा उपस्थित थिए। समारोहलाई संबोधित गर्दै भाजपाका नेता तथा दार्जीलिङ लोकसभा ससांसद राजु विष्टले युनिक धामले आफ्नो स्थापना देखिनै हिमाली क्षेत्रमा धर्म, संस्कृति अनि अध्यात्म क्षेत्रमा उल्लेखनीय काम गर्दै आएको बताए। आजको यस समारोहमा प्रसिद्ध सन्त बाबा कालिदास, कन्हैया गिरी महाराज र अन्य सन्तहरूको उपस्थितमा महालक्ष्मी सिद्धी यज्ञ सम्मान २०२५ प्रदान गरियो।

****** ० ******